**मिति:२०८३ वैशाख ८ गते**

**श्रीमान् प्रहरी महानिरीक्षकज्यू**

**नेपाल प्रहरी प्रधान कार्यालय**

**नक्साल, काठमाडौं ।**

**विषय: गृहमन्त्री श्री सुधन गुरुङलाई तत्काल पदबाट बर्खास्त गरी पक्राउ गर्न र निष्पक्ष अनुसन्धान अघि बढाउन अनुरोध सम्बन्धमा ।**

हामी जेनजी मुभमेन्ट, नेपालको तर्फबाट निम्नानुसार औपचारिक निवेदन पेश गर्दछौं ।

**१. तथ्यगत आधार:**

मिति २०८३ वैशाख ६ गते हामीले जारी गरेको प्रेस वक्तव्यमा उल्लेख भएअनुसार गृहमन्त्री श्री सुधन गुरुङमाथि गम्भीर आरोपहरू सार्वजनिक भएका छन् । उहाँ पदमा बहाल रहेर आफ्नै विरुद्ध छानबिन प्रक्रिया अघि बढाउनु conflict of interest को स्पष्ट उदाहरण हो । पदको ओहदामा रहेर आफ्नैविरुद्ध अनुसन्धान हुन सक्दैन भन्ने आधारभूत कानुनी सिद्धान्त (Natural Justice को सिद्धान्त) र नेपालको प्रचलित कानुनविपरीत छ ।

CamScanner

**२. कानुनी आधार:**

- मुलुकी फौजदारी संहिताको प्रक्रिया अनुसार कुनै पनि व्यक्तिमाथि गम्भीर आरोप लागेमा निष्पक्ष अनुसन्धानका लागि तत्काल पक्राउ गर्न सकिने व्यवस्था छ ।

- पदमा रहेर अनुसन्धान प्रभावित पार्ने कार्यले फौजदारी कसुर (Evidence Tampering / Obstruction of Justice) समेत हुन सक्ने देखिन्छ ।

**३. राजनीतिक आधार :**

पानी वितरणको नाममा स्वयंसेवकको भूमिका निर्वाह गर्ने बहानामा समग्र जेनजी आन्दोलनलाई हाइज्याक गर्दै, उक्त आन्दोलनलाई हिंसात्मक बनाउने र राज्यविहीनताको अवस्था सिर्जना गर्ने गम्भीर आपराधिक मनोवृत्ति देखिएको छ।

आन्दोलनको दुरुपयोग गरी धन आर्जन, पद प्राप्ति, तथा बिचौलिया र दलालहरूसँग साठगाँठ गरेर गैरकानुनी गतिविधिमा संलग्न रहेको आरोपसमेत बाहिर आएको छ।

यस प्रकारको कार्यले ७६ जना शहीदहरूको रक्तबलिदान तथा आन्दोलनका क्रममा अङ्गभङ्ग भएका व्यक्तिहरूप्रति गम्भीर अपमान र आघात पुऱ्याएको छ।

**४.अनुरोध:**

CamScanner

उपरोक्त तथ्य र कानुनी आधारलाई दृष्टिगत गरी निम्न कदम चाल्न हामी निम्नानुसार औपचारिक अनुरोध गर्दछौं:

क) गृहमन्त्री श्री सुधन गुरुङलाई तत्काल गृह मन्त्रालयको पदबाट बर्खास्त गर्न नेपाल सरकारलाई सिफारिस गर्नुहोस् ।

ख) उहाँलाई तत्काल पक्राउ गरी हिरासतमा राख्नुहोस् ।

ग) आरोपहरूको निष्पक्ष, स्वतन्त्र, दबाबमुक्त र समयबद्ध अनुसन्धान गर्नुहोस् ।

घ) अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्नुहोस् ।

यो निवेदन नेपाल प्रहरी ऐन, २०१८ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बमोजिम दर्ता गरी तत्काल कारबाही अघि बढाइयोस् भन्ने हाम्रो विनम्र अनुरोध छ ।


**विजय शाह**

**प्रवक्ता, जेनजी मुभमेन्ट, नेपाल**

मोबाइल: 9865907780 इमेल: genzpusta@gmail.com


CamScanner